**बैँठक संख्या: १ (एक)**

**मिति २०८३ श्रावण ७ गते विहिबार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल असार २९ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो ।

**निर्णय नं.२ दररेट सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा आ.व २०८३/०८४ का लागि यस सन्दकपुर गाउँपालिकाको दररेट निर्धारण समितिले विभिन्न मितिमा बैठक बसि जिल्ला दररेटका आधारमा निर्धारण गरेको स्थानिय दररेटलाई वृहत छलफल गरि स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ एम्बुलेन्स स्वास्थ्य चौकीको नाममा राख्ने सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल यस पालिकाले खरिद गर्न लागेको एम्बुलेन्स माईपोखरी चौकी, सन्दकपुर-१ को नाममा दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ बजेट सार्वजनिक र सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको आ व २०८२/०८३ मा संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई र आ.व २०८३/०८४ को बजेट,निती तथा कार्यक्रम सार्वजनिकिकरण मिति २०८३ साल श्रावण १८ गते सन्दकपुर गाउँपालिका गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ बजेट समिक्षा र योजना कार्यान्वयन कार्ययोजना सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको आ व २०८२/०८३ मा संचालित योजना तथा कार्यक्रमहरुको बार्षिक समिक्षा र ०८३/०८४ मा कार्यान्वयन हुने योजनाहरुको कार्ययोजना तयारीका लागि मिति २०८३ साल श्रावण २९ गते शुक्रबार सन्दकपुर गाउँपालिका गाउँपालिकाको सभाहलमा बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.६ सरुवा सहमति सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा पाँचथर जिल्लाको फालेलुङ्ग गाउँपालिकामा कार्यरत सहायक चौथो श्री खड्ग बहादुर गुरुङ्गले यस कार्यालयमा सरुवा आउन दिएको निवेदन अनुसार निजलाई यस कार्यालयमा सरुवा आउन सहमति दिने निर्णय गरियो ।